नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय,
धुन्चे, रसुवा

फोन नं. ०१०-५४०१३१
हटलाईन: ०१०-५४००१९(२४सैं घण्टा)
ईमेल: rasuwadao@gmail.com
वेवसाईट: daorasuwa.moha.gov.np
Google+code: 476k+j6

बागमती प्रदेश, नेपाल

पत्र संख्या :- ०८२।०८३
चलानी नं. :- २११०

## आवश्यक सतर्कता एवम् पूर्वतयारीका लागि अनुरोध !

देशभर मनसुन सक्रिय रहेको अवस्थामा जल तथा मौसम विज्ञान विभागबाट नियमित रुपमा मौसम सम्बन्धी पूर्वानुमान जारी भइरहेको बेहोरा विदितै छ। विगत केहि दिनदेखि रसुवा जिल्लाको अधिकांश क्षेत्रमा मध्यमदेखि भारी वर्षात् भईरहेको छ भने चीनको तिब्बत क्षेत्रमा समेत वर्षात् भईरहेको एवम् उक्त क्षेत्रका तालहरूमा पानीको सतह वृद्धि भईरहेको भन्ने जानकारी प्राप्त भएको छ। तसर्थ, वर्षात्का कारण बाढी, पहिरो, भू-क्षय र डुबान लगायतका मनसूनजन्य विपद्को जोखिम रहनुका साथै सडक तथा हवाई यातायात समेत प्रभावित हुन सक्ने भएकाले आवश्यक सतर्कता, पूर्वतयारी एवम् पूर्वकार्यका लागि सरोकावाला सबै निकाय लगायत आम सर्वसाधारणहरुमा हार्दिक अपिल गरिन्छ। विशेष गरी रसुवा जिल्ला भई बहने नदी/खोला (भोटेकोशी, त्रिशुली, लाङटाङ, चिलिमे, फलाखु र अन्य नदी/खोला) क्षेत्रमा बसोबास गर्नु हुने आम जनसमुदाय, नदी आसपासमा निर्माणाधिन तथा सञ्चालिन आयोजनाहरु, नदी तटीय क्षेत्रमा अवस्थित कार्यालयहरुले आवश्यक पूर्वतयारी एवम् सावधानी अपनाउनु हुन एवम् जिल्लामा पदयात्रामा रहनु भएका स्वदेशी/विदेशी पर्यटकहरुले पदयात्रा गर्दा आवश्यक सावधानी अपनाई पदयात्रामा निस्कनुअघि मौसम सम्बन्धी पूर्व सूचना एवम् जानकारी लिनु हुन अनुरोध छ। साथै, कुनै विपद्जन्य घटना घट्न गएमा जिल्ला आपत्कालिन कार्यसञ्चालन केन्द्र (DEOC), सम्बन्धित स्थानीय तह, स्थानीय जनप्रतिनिधि, नजिकको सुरक्षा इकाई तथा स्थानीय प्रशासनलाई यथाशिघ्र जानकारी गराउनु हुन समेत अनुरोध छ।

मिति २०८३।०३।२९, ने.स.११४६

(द्रुव प्रसाद अधिकारी)
सहायक प्रमुख जिल्ला अधिकारी
एवम् सूचना अधिकारी

<u>तत्काल सम्पर्कको लागि:</u>

जिल्ला आपतकालिन कार्यसञ्चालन केन्द्र, रसुवा (DEOC)-१२३४, ०१०-५४००१९